खोप जानकारीको अभिव्यक्ति

# पोलियो खोप

## तपाईंले जान्नु पर्ने कुरा

Many Vaccine information Statements are available in Spanish and other languages. See www.immunize.org/vis
Hojas de información sobre vacunas están disponibles en español y en muchos otros idiomas. Visite www.immunize.org/vis

### 1 खोप किन लगाउने ?

खोपले मानिसहरूलाई पोलियो बाट बचाउन सक्छ । पोलियो भाइरसद्वारा लाग्ने रोग हो । यो मुख्य रूपमा व्यक्ति-व्यक्ति बीचको सम्पर्कद्वारा फैलिन्छ । सङ्क्रमित व्यक्तिको दिशा-पिसाब समावेश खाना वा पेय पदार्थको सेवनद्वारा पनि यो फैलिन्छ ।

पोलियो सङ्क्रमित धेरैजसो मानिसहरूमा कुनै लक्षण देखिँदैन, र समस्या विना नै धेरै निको हुन्छन् । तर कहिलेकहीँ पोलियो लागेका मानिसहरूलाई पक्षाघात हुनसक्छ (हात वा खुट्टा चलाउन सक्दैनन्) । पोलियोको कारण दीर्घकालीन अपाङ्गता हुनसक्छ । पोलियोको कारण मृत्यु पनि हुनसक्छ, जुन सामान्यतया सास फेर्न प्रयोग हुने मांसपेशीमा पक्षाघात भएर हुन्छ ।

संयुक्त राज्यमा पोलियो निकै सामान्य रोगको रूपमा रहेको थियो । सन् 1955 मा पोलियो खोप पत्ता लाग्नु भन्दा पहिले यसले हरेक वर्ष हजारौं मानिसहरूलाई पक्षाघाती बनाउथ्यो र मार्थ्यो । पोलियो सङ्क्रमणको कुनै उपचार छैन, तर यसलाई खोपद्वारा रोकथाम गर्न सकिन्छ ।

संयुक्त राज्य अमेरिकाबाट पोलियो उन्मुलन भएको छ । तर यो अझै पनि संसारको अन्य भागहरूमा लाग्ने गर्छ । यदि हामी खोपद्वारा सुरक्षित भएका छैनौं भने अर्को देशबाट आउने एक जना सङ्क्रमित व्यक्तिले देशमा रोगलाई फिर्ता ल्याउन सक्छ । यो संसारबाट रोग हटाउने प्रयास सफल भयो भने हामीलाई पोलियो खोपको आवश्यकता नपर्ने दिन आउन सक्छ । त्यो बेलासम्म, हामीले हाम्रा बालबच्चालाई खोप लगाइ रहनुपर्छ ।

### 2 पोलियो खोप

निष्क्रिय पोलियो खोप (IPV) ले पोलियो रोक्न सक्छ ।

**बालबच्चा**

धेरैजसो मानिसहरूले तिनीहरू बच्चा हुँदा नै पोलियो खोप (IPV) लगाउनुपर्छ । पोलियो खोप (IPV) को डोज 2, 4, 6 देखि 18 महिनामा, र 4 देखि 6 वर्षसम्मको उमेरमा दिइन्छ ।

[निश्चित देशहरूमा यात्रा गर्नेहरू र संयुक्त खोपको भागको रूपमा पोलियो खोप (IPV) प्राप्त गर्नेहरू लगायत] केही बालबच्चाको लागि यो समय तालिका फरक हुनसक्छ । तपाईंको स्वास्थ्य सेवा प्रदायकले यसको बारेमा थप जानकारी प्रदान गर्न सक्छ ।

**वयस्क**

धेरैजसो वयस्कहरूलाई पोलियो खोप (IPV) को आवश्यकता पर्दैन किनभने उनीहरूले बच्चा हुँदा पोलियो विरुद्धको खोप लगाइ सकेका हुन्छन् । तर केही वयस्कहरू उच्च खतरामा हुन्छन् र निम्न व्यक्तिहरू लगायत त्यस्ता व्यक्तिले पोलियो खोप लगाउने विचार गर्न सक्छन्:

- संसारका निश्चित भागहरूमा यात्रा गरिरहेका मानिसहरू,
- पोलियो भाइरस प्रयोग गरी काम गर्ने प्रयोगशाला कर्मचारीहरू, र
- पोलियो रोग लागेका बिरामीहरूलाई उपचार गर्ने स्वास्थ्य सेवा कर्मचारीहरू ।

उच्च खतरामा रहेका वयस्कहरू ले विगतमा कति डोज लगाइएको छ त्यसको आधारमा पोलियो खोप (IPV) को 1 देखि 3 डोजसम्म लगाउनु आवश्यक पर्न सक्छ ।

अरू खोपहरूसँगै IPV खोप लिँदा खतरा हुन्छ भन्ने कुरा जानकारीमा आएको छैन ।

### 3 केही मानिसहरूले यो खोप लिनु हुँदैन

खोप दिने व्यक्तिलाई निम्न कुरा बताउनुहोस्:

- खोप लिने व्यक्तिमा कुनै पनि गम्भीर, ज्यान खतरामा पार्ने किसिमको एलर्जी छ कि ।
  IPV खोपको डोज लिएपछि तपाईंलाई कहिल्यै ज्यान खतरामा पार्ने किसिमको एलर्जी भएको थियो वा अथवा यो खोपको कुनै पनि भागद्वारा गम्भीर एलर्जी भयो भने, तपाईंलाई खोप नलिने सल्लाह दिन सकिन्छ । खोपका तत्हरूका बारेमा तपाईं जानकारी लिन चाहनुहुन्छ भने तपाईंको स्वास्थ्य सेवा प्रदायकलाई सोध्नुहोस् ।
- खोप लिने व्यक्तिलाई बिसन्चो भइरहेको छ कि ।
  यदि तपाईंलाई रुघाखोकी जस्ता सानोतिनो बिरामी छ भने तपाईंले आज नै खोप लिन सक्नुहुन्छ । यदि तपाईं मध्यम वा गम्भीर रूपमा बिरामी हुनुहुन्छ भने तपाईंले निको हुन्जेलसम्म कुर्दा राम्रो हुन्छ । तपाईंको डाक्टरले तपाईंलाई सल्लाह दिन सक्छ ।

### 4 खोप प्रतिक्रियाका खतराहरू

खोपहरू लगायत सबै औषधिले प्रतिक्रिया दिने सम्भावना हुन्छ । यस्ता प्रतिक्रियाहरू सामान्यतया हल्का हुन्छन् र आफै हराएर जान्छन्, तर गम्भीर प्रतिक्रियाहरूको पनि सम्भावना हुन्छ ।

पोलियो खोप (IPV) लगाएका केही मानिसहरूलाई सूई लगाइएको ठाउँमा घाउ हुन्छ । पोलियो खोप (IPV) ले गम्भीर समस्या उत्पन्न गराउँछ भन्ने थाहा भएको छैन, र यसद्वारा धेरैजसो मानिसहरूलाई कुनै पनि समस्या हुँदैन ।

यो खोप लगाइसकेपछि देखा पर्न सक्ने अन्य समस्याहरू यस प्रकार छन्:



U.S. Department of Health and Human Services
Centers for Disease Control and Prevention

